# लर्न एण्ड डु तालिम कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०८/१५)

**प्रस्तावनाः** युवावर्गको कृषि सम्बन्धी प्राविधिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गरी कृषि पेशामा आकर्षित गर्दै स्वरोजगारी तथा उद्यमशिलाताको विकासका लागि व्यवसाय इन्कुवेशन सेन्टर मार्फत लर्न एण्ड डु तालिम कार्यक्रम कार्यान्वयन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) "व्यवसाय इन्कुवेसन सेन्टर" भन्नाले लर्न एण्ड डु तालिम कार्यक्रम संचालन गर्ने र तालिम प्राप्त युवा कृषकहरुलाई व्यवसायिक योजना तयारी गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने कार्यका लागि मन्त्रालयले छनौट गरेको निकाय सम्झनुपर्छ।

(ख) लर्न एण्ड डु तालिमका सहभागीको योग्यता देहायबमोजिम हुपुर्नेछ।

(अ) १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

(आ) गण्डकी प्रदेश भित्र स्थायी बसोबास भएको।

(इ) कम्तीमा दश जोड दुई (+२) वा सो सरहको शैक्षिक योग्यता भएको।

(ग) सहभागी छनौटः

(अ) मन्त्रालयले लर्न एण्ड डु तालिम कार्यक्रममा सहभागी छनौटको लागि सार्वजनिक सूचना प्रकाशन गरी आवेदन संकलन गर्नुपर्नेछ।

(आ) सूचना प्रकाशन भएपछि योग्यता पुगेका इच्छुक आवेदकले तोकिएको समयभित्र तोकिएको कागजात संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ।

(इ) सहभागी छनौट तथा सिफारिस समितिले प्राप्त आवेदनको मूल्याङ्कन र अन्तरवार्ताका आधारमा प्रति लट तालिमका लागि सहभागी छनौट गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ।

(ई) मन्त्रालयले छनौट स्वीकृत गरी सो को जानकारी सम्बन्धित पक्षहरुलाई गराउने छ।

(घ) तालिम संचालन तथा व्यवस्थापनः

(अ) व्यवसाय इन्कुवेसन सेन्टरले मन्त्रालयको समन्वयमा आवासीय लर्न एण्ड डु तालिम कार्यक्रम संचालन गर्नेछ।

(आ) लर्न एण्ड डु तालिमको अवधि तीन महिनाको हुनेछ।

(इ) व्यवसाय इन्कुवेसन सेन्टरले लर्न एण्ड डु तालिमको पाठ्यक्रम मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(ई) व्यवसाय इन्कुवेसन सेन्टरले मन्त्रालयसँग समन्वय गरी तालिममा छनौट भएका सहभागीहरुले पेश गरेको प्रारम्भिक व्यवसायिक कार्ययोजना परिमार्जन तथा स्वीकृति गरी व्यवसाय संचालनको लागि प्रत्येक सहभागीलाई आवश्यक मार्गनिर्देश गर्नुपर्नेछ।

(उ) तालिम पश्चात व्यवसाय इन्कुवेसन सेन्टरले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, निजी फर्म, कम्पनी लगायतसँग समन्वय गरी सहभागीहरुलाई अन द जब तालिम ( On the Job Training) मा खटाउने वा निजी व्यवसाय संचालनका लागि मेन्टोरिङ (Mentoring) गर्ने व्यवस्था गर्नुपर्नेछ।

## २. आर्थिक पक्ष

(क) लर्न एण्ड डु तालिम कार्यक्रमको प्रति लट तालिम खर्च वा प्रति सहभागी खर्च सम्बन्धी लागत निर्धारण गरी स्वीकृत गर्ने गराउने तथा सो वरावरको रकम व्यवसाय इन्कुवेसन सेन्टरलाई उपलव्ध गराउने दायित्व मन्त्रालयको हुनेछ।

(ख) मन्त्रालयले आवश्यक ठानेमा स्वीकृत लागत भित्र रही लर्न एण्ड डु तालिमका सहभागिबाट बढिमा दश प्रतिशतसम्म लागत साझेदारी गर्न गराउन सक्नेछ।

(ग) व्यवसाय इन्कुवेसन सेन्टरले लर्न एण्ड डु तालिम कार्यक्रमका सहभागीबाट मन्त्रालयले तोके बमोजिम बाहेक अन्य कुनै किसिमको शुल्क वा रकम लिन पाउने छैन।

## ३. सहभागी छनौट तथा सिफारिस समितिः

(क) सहभागी छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय अनुसारको एक समिति रहनेछ।

| | |
|---|---|
| (अ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | संयोजक |
| (आ) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (इ) उपसचिवस्तर प्रतिनिधि, कृषि विकास निर्देशनालय | सदस्य |
| (ई) उपसचिवस्तर प्रतिनिधि, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (उ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(ख) सहभागी छनौट तथा सिफारिस समितिको वैठकमा आवश्यकता अनुसार प्रदेश नीति तथा योजना आयोगको भूमि व्यवस्था तथा कृषि हेर्ने सदस्य, मन्त्रालय मातहतका कृषि र पशुसेवा सम्बन्धी तालिम प्रदान गर्ने निकायका प्रमूख र व्यवसाय इन्कुवेसन सेन्टर संचालन गर्ने साझेदार संस्थाको प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

## ४. मूल्याङ्कनका आधार

(क)लर्न एण्ड डु तालिम कार्यक्रममा सहभागी छनौटको लागि मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका आधार | अधिकतम अंक |
|---|---|---|
| **१.** | **शैक्षिक योग्यता** | **१०** |
| (क) | कृषि/पशुपालन सम्बन्धी प्राविधिक शिक्षामा कम्तीमा स्नातक तहको योग्यता | १० |
| (ख) | कृषि/ पशुपालन सम्बन्धी प्राविधिक शिक्षामा कम्तीमा दश जोड दुई (+२) वा सो सरहको योग्यता | ७ |
| (ग) | प्रकरण (ख) बाहेकका अन्य विषयमा दश जोड दुई (+२) वा सो सरहको योग्यता | ५ |
| **२.** | **व्यवसाय सम्बन्धी प्रारम्भिक कार्ययोजना** | **१५** |
| (क) | उत्पादन योजना | ३ |
| (ख) | बजार योजना | ३ |
| (ग) | वित्तीय योजना | ३ |
| (घ) | वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन | २ |
| (ङ) | संगठन तथा व्यवस्थापन योजना | २ |
| (च) | दिगोपना तथा नविनतम सोच | २ |
| **३.** | **अन्तरवार्ता** (विषयवस्तुको ज्ञान, व्यक्तित्व, सिर्जनशील क्षमता, प्रस्तुति कला, आत्मविश्वास आदिका आधारमा मूल्याङ्कन गर्ने) | **२५** |
| | **जम्मा** | **५० अंक** |

**५. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु:** लर्न एण्ड डु तालिममा सहभागी हुन इच्छुक व्यक्तिले आवेदन साथ देहायका कागजातहरु पेश गर्नुपर्ने छ।

(क) नेपाली नागरिकताको प्रतिलिपि।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि।

(ग) तालिम पश्चात संचालन गर्न खोजेको कृषि व्यवसाय सम्वन्धि प्रारम्भिक कार्ययोजना (बुँदा ६ अनुसार)।

**६. व्यवसाय सम्वन्धी प्रारम्भिक कार्ययोजनाको ढाँचा**

(क) व्यवसाय संचालन गरिने स्थानः

(ख) कार्यक्रम संचालन हुने क्षेत्रफल/आकारः

(ग) व्यवसायको पृष्ठभूमिः

(घ) व्यवसायको उद्देश्यः

(ङ) व्यवसायिक योजनाः

(अ) उत्पादन योजनाः

(आ) बजार योजनाः

(इ) वित्तीय योजनाः

(ई) वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापनः

(उ) संगठन तथा व्यवस्थापन योजनाः

(ऊ) दिगोपनाः

(च) अपेक्षित प्रतिफलः

(छ) लागत अनुमानः

(ज) नवीन सोचः

(नोटः यसलाई आधार बनाएर थप/घट गरी प्रस्ताव तयार गर्न सकिने छ। साथै, प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा तयार गर्न सकिने छ।)